नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः- ४२३२२६२
४२११६४५
सिंहदरवार, काठमाडौं

## प्रशासन शाखा

पत्र संख्याः- १.१./प्र./२०७८/०७९/१(१)२०
चलानी नं.-५५३

मितिः- २०७८/०७/०९

**विषयः प्रशिक्षार्थी छनौट गरी पठाई दिने सम्बन्धमा ।**

श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग, ववरमहल ।
श्री नापी विभाग, मीनभवन ।
श्री सहकारी विभाग, नयाँवानेश्वर ।
श्री भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल, काभ्रे ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेलको प.स. PSTD//078/079 च.नं. 349/078/079 मिति २०७८/०७/०८ को पत्रको छाँयाप्रति यसैसाथ संलग्न छ । सो अनुसारको मापदण्ड पुरा भई तालिम लिन ईच्छुक कर्मचारीहरु सिफारिश गरी मनोनयन फाराम समेत मिति २०७८/०७/१४ गते भित्र पठाउनु हुन आदेशानुसार अनुरोध छ ।

(नित्यराज भट्टराई)
शाखा अधिकृत

बोधार्थः-
कम्प्यूटर अधिकृत श्री मञ्जुल मास्केः- **Website मा राख्नु हुन ।**

M/C

Scanned with CamScanner

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
Nepal Administrative Staff College
"...devoted to making differences positively."

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
दर्ता: १०८६
मिति: ०७८/७/१३

प.सं. PSTD 2078/79
च.नं. 349/078/79

मितिः २०७८/०७/०८

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
सिंहदरबार, काठमाडौं,

विषय : सेवाकालिन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन सम्बन्धमा

नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ प्रतिष्ठानले संचालन गर्दै आएको द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरुका लागि Advanced Course on Management and Development (ACMD) र तृतीय श्रेणी वा सो सरहका अधिकृतहरुका लागि Professional Course on Management and Development (PCMD) विषयक प्रशिक्षण कार्यक्रम आ.व. २०७८/७९ को वार्षिक कार्यतालिका अनुरूप संचालन हुने व्यहोरा जानकारी गराउँदछु। अधिकृतहरुको मूलभूत सक्षमता (core competencies) मा आधारित यस प्रशिक्षण कार्यक्रम COVID-19 को विशेष परिस्थितिका कारण भर्चुअल मोडालिटीमा (Virtual Modality) संचालन हुनेगरी तय गरिएको छ । उक्त प्रशिक्षण कार्यक्रममा सहभागी हुनेगरी तहाँबाट संलग्न तालिका बमोजिम सचिव/ विशिष्ट श्रेणीको अधिकृतस्तरबाट मनोनयन गराई मनोनित अधिकृतहरुको नामावली मनोनयन फारम सहित मिति २०७८/०७/१५ गतेसम्म प्रतिष्ठानमा आइपुग्नेगरि पठाईदिनुहुन अनुरोध गर्दछु। प्राप्त नामावलीमध्येबाट तपसिलमा उल्लेख भएबमोजिमको आधारमा प्रतिष्ठानद्वारा मनोनयन स्वीकृत गरिने व्यहोरा समेत अनुरोध छ।

मनोनयनका आधारहरु र सम्बन्धीत व्यवस्था:

१. अधिकृत द्वितीय श्रेणीको कर्मचारीको हकमा हालको तह /श्रेणीमा २०७८ आश्विन मसान्तसम्म न्युनतम २ वर्षको सेवा अवधि र अधिकृत तृतीय श्रेणीको कर्मचारीको हालको तह/ श्रेणीमा २०७८ आश्विन मसान्तसम्म न्युनतम ३ वर्षको सेवा अवधि पूरा भएको हुनुपर्नेछ।
२. हालको तहमा ३० कार्यदिन वा सोभन्दा वढी अवधिको सेवाकालीन तालिम लिइसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन्।
३. मनोनयन गर्दा संलग्न तालिका वमोजिमको कुन समूहमा सहभागी हुने हो सो स्पष्ट खुलाई पठाउनुपर्नेछ ।
४. मनोनयनको स्वीकृति गर्दा द्विविधा भएमा ज्येष्ठतालाई आधार लिइनेछ।
५. तोकिएको मितिपछि प्राप्त हुन आएको मनोनयनमाथि कारवाही गरिनेछैन।
६. मनोनयन फारम प्रतिष्ठानको वेवसाइट www.nasc.org.np मा राखिएको छ। सम्बन्धित उम्मेदवारले प्रतिष्ठानको वेवसाइटमा राखिएको Updates मेनु भित्र Downloadable Forms मा गएर Long Training Nomination Form लिंकमा क्लिक गरी मनोनयन फारम डाउनलोड गर्न सक्नेछन्।
७. वैकल्पिक उम्मेद्वारहरुको व्यवस्था रहेको छैन। तसर्थ तोकिएको संख्या भन्दा वढी र वैकल्पिक भनी उल्लेख भएको मनोनयन माथि कारवाही गरिने छैन ।
८. मनोनयन स्वीकृतिको अधिकार सम्पूर्ण रुपमा प्रतिष्ठानमा निहित रहनेछ। मनोनयन स्वीकृतिको जानकारी प्रतिष्ठानको सूचना पाटी तथा वेवसाइट www.nasc.org.np मा राखिनेछ।
९. मनोनित कर्मचारीहरुको नामावली मनोनयन फारम सहित प्रतिष्ठानको इमेल inservice@nasc.org.np मा समेत पठाउन सकिनेछ।

Shailaja
शैलजा उपाध्याय
अध्ययन उप-निर्देशक
मोवाइल ९८५११९०७१५

जावलाखेल, ललितपुर, नेपाल, पो.ब.नं.: २१५२, फोन नं.: ५५२२००२, ५५२२१६०, ५५२३५१४, ५५२३५१७, फ्याक्स: ५५२४९०६
Jawalakhel, Lalitpur, Nepal, P.O.Box: 2152, Ph. No.: 5522002, 5522160, 5523514, 5523517, Fax: 5524906
Hello Nepal Administrative Staff College, Audio Notice Board No.: 1618-01-5522002,
E-mail: info@nasc.org.np, URL: www.nasc.org.np

Scanned with CamScanner

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
Nepal Administrative Staff College
*"...devoted to making differences positively."*

प.सं.
च.नं.

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| क. स | प्रशिक्षण | सुरु हुने मिति | मनोनयन संख्या |
|---|---|---|---|
| 1. | Advanced Course on Management and Development | २९/०७/२०७८ | 1 |
| २. | Professional Course on Management and Development | १ /०८/ २०७८ | 2 |

जावलाखेल, ललितपुर, नेपाल, पो.ब.नं.: २१५२, फोन नं.: ५५२२००२, ५५२२१६०, ५५२३५१४, ५५२३५१७, फ्याक्स: ५५२४९०६
Jawalakhel, Lalitpur, Nepal, P.O.Box: 2152, Ph. No.: 5522002, 5522160, 5523514, 5523517, Fax: 5524906
: Hello Nepal Administrative Staff College, Audio Notice Board No.: 1618-01-5522002,
E-mail: info@nasc.org.np, URL: www.nasc.org.np

Scanned with CamScanner